आज मिति २०८० साल आषाढ २१ गते बिहिवारका दिन बिहान ११:०० बजे जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा दोश्रो नगर कार्यपालिकाको २०औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

प्रमुख श्री नर बहादुर पुन

उप-प्रमुख श्री हरिहर शर्मा

वडा अध्यक्ष वडा नं. १ श्री विष्णु प्रसाद आचार्य

वडा अध्यक्ष वडा नं. २ श्री प्रेम सापकोटा

वडा अध्यक्ष वडा नं. ३ श्री कृष्ण बहादुर भुजेल

वडा अध्यक्ष वडा नं. ४ श्री चक्र बहादुर थापा

वडा अध्यक्ष वडा नं. ५ श्री ठग बहादुर क्षेत्री थापा

वडा अध्यक्ष वडा नं. ६ श्री कृष्ण बहादुर थापा

वडा अध्यक्ष वडा नं. ७ श्री केन्द्र बहादुर सुनार

वडा अध्यक्ष वडा नं. ८ श्री बिमल श्रीस राना

वडा अध्यक्ष वडा नं. ९ श्री सन्दिप थापा

वडा अध्यक्ष वडा नं. १० श्री श्रीप्रसाद थापा

कार्यपालिका सदस्य श्री भगवती शर्मा सापकोटा

कार्यपालिका सदस्य श्री चिन्तामणि दर्जी

कार्यपालिका सदस्य श्री दुर्गा देवी पाध्या

कार्यपालिका सदस्य श्री लाल बहादुर परियार

कार्यपालिका सदस्य श्री भरत वि. क.

कार्यपालिका सदस्य श्री शान्तकला शर्मा

कार्यपालिका सदस्य श्री गीता कुमारी वि.क.

कार्यपालिका सदस्य श्री शान्ती सुनार

सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री चेतनाथ गिरी

## बैठक कार्यसूची

१. बालविकास केन्द्रका सहजकर्तालाई नपुग शिक्षण सिकाइ अनुदान रकम व्यवस्थापन गर्ने सम्बन्धमा।
२. जैमिनी नगर अस्पताल निर्माणको लागि तयार गरिएको DPR स्वीकृत गरी परामर्शदातालाई रकम भुक्तानी गर्ने सम्बन्धमा ।
३. वडा नं. १ को भूउपयोग वर्गीकरण गर्ने सम्बन्धमा ।
४. अतिरिक्त समय कार्य बापत कर्मचारीको थप सुविधा सम्बन्धमा ।

निर्णयहरु

१. जैमिनी नगरपालिका अन्तर्गत विभिन्न बालविकास केन्द्रमा कार्यरत बाल शिक्षक (सहजकर्ता) को तलब भत्ता बापत शिक्षण सिकाइ अनुदान रकम यस नगरपालिकाबाट उपलब्ध गराउदै आएकोमा वडा नं. ५ मा सञ्चालित श्री ज्योति बालविकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ताको २०७९ माघ देखि २०८० असार मसान्त सम्म ६ महिनाको तलब भत्ताको रकम रु. १,०२,०००।– र पोशाक भत्ता खर्च रु. १०,०००।- समेत गरी जम्मा रु. १,१२,०००।–(अक्षरुपी एकलाख बाह्र हजार मात्र) निकासा दिनुपर्नेमा बालविकास केन्द्र सहजकर्ता र विद्यालय कर्मचारी तलब भत्ता शिर्षकमा विनियोजित बजेट रकममा रु. ५५,६००।- कम भएकोले नगर विकास कार्यक्रम अन्तर्गत बार्षिक स्वीकृत कार्यक्रममा सामाजिक विकास तर्फ रहेको शिर्षक नगरपालिका भित्रका प्रधानाध्यापक र अन्य बैठकबाट उपलब्ध गराउने गरी नगरप्रमुखबाट मिति २०८०।३।१७ गते निर्णय भएकोमा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

२. जैमिनी नगर अस्पताल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न छनौट भएको परामर्शदाता EAGLE SOLUTIONS Pvt. Ltd. अनामनगर, काठमाडौंले सम्झौता अनुसार नगर अस्पताल निर्माण सम्बन्धी मापदण्ड बमोजिमको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेकोमा उक्त विस्तृत परियोजना प्रतिवेदन उपर कार्यपालिकामा प्रस्तुत गरी छलफल गरियो र उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै परामर्शदातालाई सम्झौता अनुसारको रकम भुक्तानी दिने तथा नगर अस्पाताल निर्माणको कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

३. वडा नं. १ को भूउपयोग वर्गिकरण गर्ने सम्बन्धमा भूउपयोग ऐन, २०७६, भूउपयोग नियमावली, २०७९ तथा जैमिनी नगरपालिकाको भूउपयोग कार्यविधि, २०७९ बमोजिम स्थानीय भूउपयोग परिषद्लाई निर्दिष्ट गरेको अधिकार अनुसार भूउपयोग कार्यान्वयन समिति र सम्बन्धित वडा समितिलाई परिचालन गरी तयार भएको जैमी नगरपालिका वडा नं. १ को भूमी वर्गीकरणलाई आवश्यक छलफल र परिमार्जन सहित स्वीकृत गरी प्रदेश तथा संघीय भूउपयोग परिषद्मा पठाउने निर्णय गरियो । उक्त वर्गीकरणको जानकारी सम्बन्धित सम्पूर्ण कार्यालयहरुमा पठाउने निर्णय गरियो ।

४. यस नगरपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र बार्षिक बजेट तथा कार्यक्रम तयार गरी नगर सभामा पेश गर्ने प्रयोजनको लागि कार्यालय समय भन्दा बाहेक अतिरिक्त समय कार्य गर्ने कर्मचारीहरुको अतिरिक्त समय कार्य गरेको आधारमा कार्यबोझ मूल्याङ्कन गरी प्रमुख प्रशासकीय अधिकृतबाट पेश भए अनुसार खाइपाइ आएको तलब स्केलको १५ दिन र ७ दिन बराबर वर्गीकरण गरी गण्डकी प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्ड २०७५ को परिच्छेद ४ को दफा २० को उपदफा (३) को आधारमा अतिरिक्त समय पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।